प्रस्तावनाः सुदुरपश्चिम प्रदेशमा कृषि तथा पशुपंक्षी व्यवसायमा आवद्ध जनशक्तिको क्षमता अभिबृद्धि गर्दै तिनीहरुमा कृषि उद्यमशिलताको विकासका साथै युवापिढीलाई कृषि क्षेत्रमा स्वरोजगार सिर्जना गरी समग्र प्रदेशको आर्थिक विकासमा सहयोग गर्न तथा कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकासका कार्यक्रमलाई पारदर्शि, जवाफदेहि, व्यवस्थित र प्रभावकारि ढंगले संचालन गर्न बान्छनिय भएको ले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मिति देखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "अनुदानग्राही" भन्नाले कृषक, कृषक संस्था, निजी फर्म, कृषक समूह तथा सहकारी सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम निर्देशक समिति"** भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ग) **"कार्यक्रम"** भन्नाले कृषि उस्मायन पद्धति मार्फत कृषि उध्यमशिलता विकास कार्यक्रम सम्झनु पर्छ ।

(घ) **"प्राविधिक समिति"** भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ङ) **"कृषि व्यवसाय"** भन्नाले कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन , प्रशोधन तथा वजारीकरण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(च) **"कार्यक्रम कार्यान्वयन निकाय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ले कार्यक्रम सञ्चालन गर्ने गरी अख्तियारी प्रदान गरेको निकाय सम्झनु पर्छ।

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री

(छ) **"अभिमुखिकरण तालिम"** भन्नाले कृषि व्यवसाय सचालनका लागि उत्प्रेरीत गर्न संचालन गरीने स्थलगत तथा कार्यक्रम संचालन गर्ने निकायमा संचालन गरीने तालिमलाइ सम्झनु पर्दछ ।

(ज) **"केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय"** भन्नाले सुदूरपश्चिम प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "**उस्मायन स्थल**" भन्नाले सहभागीहरुको प्राविधिक सिप र क्षमता अभिबृद्दि गर्न सैद्धान्तिक तथा व्यवहारीक कार्य गर्नका लागि खटाइने फार्म, श्रोतकेन्द्र, उधोग, प्रयोगशाला आदि लाई सम्झनु पर्दछ ।

(ट) **"सहभागी"** भन्नाले कार्यविधि बमोजिम कार्यक्रम संचालनका लागि छनौट भएको व्यक्ति तथा संस्थालाई सम्झनु पर्दछ ।

परिच्छेद-२

<u>कार्यक्रमको व्यवस्थापन तथा संचालन</u>

३. <u>कार्यक्रम निर्देशक समितिः</u> (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि मन्त्रालय स्तरमा देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः-

(क)	सचिव, मन्त्रालय	संयोजक
(ख)	प्रमुख, योजना तथा अनुगमन महाशाखा	सदस्य
(ग)	प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा	सदस्य
(घ)	प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य सुरक्षा महाशाखा	सदस्य
(ङ)	प्रमुख पशु सेवा तालिम केन्द्र	सदस्य
(च)	प्रमुख, कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र	सदस्य
(छ)	अधिकृत, कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य सुरक्षा महाशाखा	सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनका सम्बन्धमा मातहतका निकाय तथा समितिहरुलाई राय, सल्लाह तथा निर्देशन प्रदान गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्ने निकाय बाट प्राप्त प्रतिवेदन अध्ययन गरी सञ्चालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र निर्देशन दिने,

डा.किसन लाल भट्ट
सचिव

२ प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

(ग) कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(घ) सञ्चालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने, र

(ङ) कार्यक्रम कार्यान्वयनका लागि कार्यविधिले तोकेका अन्य निर्णय गर्ने ।

४. **प्राविधिक समिति**: (१) कार्यक्रम संचालन गर्न देहाय बमोजिम प्राविधिक समिति रहनेछः-

(क)	प्रमुख, कार्यक्रम संचालन गर्ने निकाय	संयोजक
(ख)	अधिकृत प्रतिनिधि, कार्यक्रम संचालन गर्ने निकाय	सदस्य
(ग)	अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको केन्द्र	सदस्य
(घ)	सम्बन्धित विषयको विज्ञ	सदस्य
(ङ)	प्रमुख, योजना शाखा, कार्यक्रम संचालन गर्ने निकाय	सदस्य-सचिव

५. **समितिको काम कर्तव्य र अधिकार:** (१) दफा ४ को उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उस्मायन स्थलका लागि आवश्यक व्यक्ति, फर्म, कम्पनी, सरकारी तथा गैरसरकारी निकायहरु को रोष्टर तयार गर्ने।

(ख) कृषि उद्यमी हुन इच्छुक सहभागिहरुको रोष्टर तयार गर्ने ।

(ग) सहभागी ले आफुले संचालन गर्न खोजेको विषयका लागि आवश्यक पर्ने ज्ञान र सीपको सूची तयार गरी ज्ञान हासिल गर्ने र सीप हासिल गर्ने स्थान तथा सेवा प्रदायक पहिचान गरी सहभागीलाई तत् तत् स्थानमा खटाउने र ज्ञान र सीप सिकाउने सेवा प्रदायक संग सम्झौता गर्ने ।

(घ) सेवा प्रदायक ले सहभागीलाई आवश्यक ज्ञान, सीप सिकाउने वातावरण सिर्जना गरेको /नगरेको बारे अनुगमन गर्ने /गराउने ।

(ङ) स्थलगतरुपमा सफलतापूर्वक तालिम सम्पन्न गरेका सहभागीहरुलाई व्यवसायीक योजनाका आधारमा तथा कार्यविधि बमोजिम अनुदान प्रदान गर्ने बारे निर्णय गर्ने।

६. **बैठक सम्बन्धी कार्यविधि** :(१) दफा ३ र ४ बमोजिम गठित समितिहरुको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश

मा.मन्त्री

(घ) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक हरेक चौमासिकमा एक पटक र आवश्यकता अनुसार कुनै पनि समयमा बस्न सकिनेछ ।

(२) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. **कृषि उद्यमका तहहरु:** (१) कार्यक्रम संचालनका लागि संभावित र छनौट भएका कृषकहरुको चरणबद्ध रुपमा क्षमता अभिबृद्धि गरि उद्यमशिलता विकास गर्न देहाय बमोजिमका कृषि उद्यमका तहहरु रहनेछन्:-

(क) अभिमुखिकरण तह: यो कार्यक्रम संचालनको पहिलो चरण हो । यस तहमा कृषि उद्यमि हुन सक्ने वा हुन ईच्छुक कृषकहरुको पहिचान गरि तिनलाई ब्यवसाय संचालनका विविध पक्षहरु बारे अभिमुखिकरण गरिनेछ ।

(ख) क्षमता विकास तह: अभिमुखिकरण कार्यक्रममा सहभागि भई कृषि उद्यमि हुन सक्ने संभावना प्रदर्शन गरेका तथा कार्यक्रम कार्यान्वयन निकायको प्राविधिक मुल्यांकन बाट उपयुक्त देखिएका कृषकहरुलाई क्षमता विकास तहमा स्तरोन्नति गरिनेछ । यस तहमा कृषकहरुको ज्ञान तथा सिप अभिबृद्धिका लागि सम्बन्धित उस्मायन स्थलमा खटाइनेछ ।यस तहमा कृषकहरु बढिमा ३ महिना सम्म रहनेछन् ।

(ग) उद्यम प्रवर्धन तह: उस्मायन स्थलमा कार्यगत अनुभव लिई क्षमता विकास गरेका सहभागिहरुको कार्यान्वयन निकायले अति सुक्ष्म रुपमा मुल्यांकन गरि उत्कृष्ट देखिन आएका सहभागिहरुको व्यवसायिक योजना तैयार गरि उद्यम प्रवर्धन तहमा स्तरोन्नति गर्न सक्नेछ ।यस तहमा स्तरोन्नति भएका सहभागिहरु कार्यान्वयन निकायको प्रत्यक्ष निगरानिमा रहि आफ्नो व्यवसाय संचालन गर्नेछन् । उद्यम प्रवर्धन तहका सहभागिहरु व्यवसायिक योजना अनुसार उत्पादन पुर्वाधार निर्माण लागि कार्यान्वयन निकायबाट पुँजिगत अनुदान लिन योग्य हुनेछन् ।

(घ) नमुना उद्यमि तह: उद्यम प्रवर्धन तहमा कम्तिमा १ वर्ष उत्कृष्ट प्रदर्शन गरेका तथा नमुना उद्यमि हुन अनुसुचि बमोजिमको मापदण्ड पुरा गरेका उद्यमिहरुलाई कार्यान्वयन निकायले नमुना उद्यमि तहमा स्तरोन्नति गर्नेछ । नमुना उद्यमिहरु लाई कार्यान्वयन निकायले फार्म सुधार, कृषि वस्तु प्रशोधन तथा बजारिकरणका अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ । यसै गरि

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

नमुना उद्यमिहरुलाई उस्मायन स्थल तथा सेवा प्रदायकका रुपमा समेत परिचालन गर्नसकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रम कार्यान्वयन निकायले कार्यक्रम निर्देशक समितिको सहमति लिई पहिले देखि कृषि उद्यम संचालन गरिरहेका र मापदण्ड पुरा गरेका उद्यमिहरुलाई सिधै उद्यम प्रवर्धन वा नमुना उद्यमि तहमा राखि कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) कार्यक्रम संचालन गर्दा सहभागिहरुलाई मुल्यांकन गरि विभिन्न तहमा स्तरोन्नति गर्ने अधिकार तथा सोको जवाफदेहिता पुर्ण रुपमा कार्यक्रम कार्यान्वयन निकायको हुनेछ ।

८. <u>उस्मायन स्थलको छनौट</u>:(१) कार्यक्रम कार्यान्वयन गर्ने निकाय ले यस कार्यविधि बमोजिम कार्यक्रम संचालनका लागि उस्मायन केन्द्रको सूचिमा सुचिकृत हुन अनुसुचि-१ बमोजिम निरन्तर आवेदनका लागि सार्वजनिक सूचना प्रकाशन गरि आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन प्राप्त भैसकेपश्चात कार्यक्रम कार्यान्वयन निकायले मासिक रुपमा तिनको मुल्यांकन गरि अनुसुचि-२ बमोजिमको मापदण्ड पुगेका उद्यमिहरुलाई उस्मायन केन्द्रको रुपमा सूचिकृत गर्नेछ ।

(३) उस्मायन स्थलका रुपमा छनौट गरिने विशिष्टिकृत सेवा प्रदान गर्ने सरकारी फार्म, प्रयोगशाला, कार्यालय, गैर सरकारी संस्था तथा सहकारीका हकमा उपदफा (२) बमोजिमको मापदण्ड लागु हुने छैन ।

(४) उपदफा (२) बमोजिम सूचिकृत गरिएका उद्यमिलाई केन्द्रले लिखित सम्झौता गरि आफ्नो आवश्यकता अनुसार सहभागिको क्षमता अभिबृद्धिका लागि परिचालन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम सूचिकृत गरिएका उस्मायन केन्द्रहरुलाई दफा (७)(घ) अनुसारको नमुना उद्यमि मानि तिनको स्तरोन्नति तथा क्षमता विकासका लागि केन्द्रले अनुदान उपलब्ध गराउन सक्नेछ ।

९. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>:(१) कार्यक्रम कार्यान्वयन गर्ने निकाय ले कार्यक्रम संचालनका लागि हरेक आर्थिक वर्षको शुरुवातमा अनुसुची-२ बमोजिम सार्वजनिक रुपमा तथा केन्द्रहरु मार्फत समेत पत्राचार गरि निरन्तर आवेदनका लागि सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदनहरुलाई विषय तथा व्यवसाय अनुसार मासिक रुपमा समुहिकृत गरि जिल्लागत विवरण तैयार गरिनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त आवेदकहरुलाई सम्बन्धित केन्द्रको समन्वयमा स्थलगत रुपमा अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

(४) उपदफा (२) अनुसार अभिमुखिकरण तालिममा सहभागि भई अनुसुचि-३ बमोजिमको प्रमाणपत्र प्राप्त गरेका तथा कृषि उद्यमि हुन ईच्छा राखेका कृषकहरुले अभिमुखिकरण तालिममा सहभागि भएको ४५ दिन भित्र क्षमता विकास तहमा प्रवेश पाँउ भनि कार्यक्रम कार्यान्वयन निकायमा भएका अनुसुचि-४ बमोजिमको प्रस्ताव भरि आवेदन दिनुपर्नेछ।

(५) उपदफा (४) अनुसार आवेदन प्राप्त भएपश्चात कार्यक्रम कार्यान्वयन निकायले आफैं अथवा सम्बन्धित केन्द्र मार्फत आवेदकको स्थलगत अनुगमन गरि/गराई अनुसुचि-५ को मुल्यांकनका आधार बमोजिम मुल्यांकन गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको मुल्यांकन बाट छनौट भएका आवेदकहरुलाई कार्यक्रम कार्यान्वयन निकायले क्षमता अभिबृद्धि तहमा स्तरोन्नति गर्न सक्नेछ ।

(७) उपदफा (५) बमोजिम मुल्यांकन गर्दा मापदण्ड नपुगेका वा उद्यम संचालनका लागि केहि पुर्वतैयारि तथा सुधार गर्नुपर्ने देखिएमा कार्यक्रम कार्यान्वयन निकायले आवेदकलाई त्यस्तो सुधार गरि पुनश्च: आवेदन पेश गर्न समयावधि तोकि निर्देशन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम तोकिएको निर्देशन पालना गरि तोकिएको समय भित्र पुनश्च: आवेदन पेश भई आएमा त्यस्तो आवेदकलाई कार्यक्रम कार्यान्वयन निकायले क्षमता अभिबृद्धि तहमा स्तरोन्नति गर्न सक्नेछ ।

(९) उपदफा (८) र उपदफा (६) बमोजिम छनौट भएका सहभागिहरुलाई कार्यक्रम कार्यान्वयन निकायले समयावधि तोकि सम्बन्धित उस्मायन स्थलसँग अनुसुचि-६ बमोजिमको सम्झौता गरि क्षमता अभिबृद्धिका लागि पठाउनेछ ।

(१०) उपदफा (९) बमोजिम उस्मायन स्थलमा क्षमता अभिबृद्धिका लागि पठाईएका सहभागिहरुको कार्यक्रम कार्यान्वयन निकायले आफैं वा केन्द्र मार्फत नियमित अनुगमन गर्नेछ ।

(११) उपदफा (९) बमोजिम क्षमता अभिबृद्धिका लागि पठाईएका सहभागिहरु मध्ये उत्कृष्ट प्रदर्शन गर्ने सहभागिहरुलाई सम्बन्धित उस्मायन केन्द्रले अनुसुचि-७ बमोजिमको प्रमाणपत्र प्रदान गरि उद्यम प्रवर्धन तहमा स्तरोन्नतिका लागि कार्यक्रम कार्यान्वयन निकायमा सिफारिस गर्नेछन् ।

(१२) उपदफा (११) बमोजिमको सिफारिस र प्रमाणपत्र प्राप्त गरेका सहभागिहरुले उद्यम प्रवर्धन तहमा स्तरोन्नति गरिपाँउ भनि कार्यक्रम कार्यान्वयन निकायमा आवेदन पेश गर्नेछन् ।

(१३) उपदफा (१२) बमोजिमको आवेदन प्राप्त भैसके पश्चात कार्यक्रम कार्यान्वयन निकायले सहभागिले उद्यम संचालन गर्ने स्थलको अनुगमन पश्चात व्यवसायिक योजना तैयार

गर्नेछन् । यदि कार्यक्रम संचालन गर्ने निकायसंग व्यवसायीक योजना तयार गर्ने जनशक्ति नभएमा उक्त कार्य परामर्षदाता मार्फत पनि गर्न गराउन सक्नेछ ।

(१४) उपदफा (१३) बमोजिमको व्यवसायिक योजना बमोजिमको कार्य संचालन गर्न कार्यक्रम कार्यान्वयन निकायले स्विकृत बजेटको परिधि भित्र रहि तथा दफा (७)(ग) बमोजिमको क्रियाकलाप संचालनका लागि अनुदान प्रदान गर्न अनुसुचि-८ बमोजिम सम्झौता गर्नेछ ।

(१५) उपदफा (१४) बमोजिम गरिएको सम्झौतामा समयावधि तोकि प्रगतिका सुचकहरु समेत उल्लेख गरिएको हुनुपर्नेछ । कार्यक्रम कार्यान्वयन निकायले प्रदान गर्ने अनुदान सम्झौतामा तोकिएका सुचकहरु र तिनको कार्यप्रगतिका आधारमा प्रदान गरिनेछ ।

(१६) उपदफा (१४) बमोजिम गरिएको सम्झौता अनुसार कम्तिमा १ बर्ष ब्यवसाय संचालन गरि उद्यम विकासको उच्च संभावना प्रस्तुत गरेको उद्यमिलाई कार्यक्रम कार्यान्वयन निकायले नमुना उद्यमि तहमा स्तरोन्नति गर्नेछ ।

(१७) उपदफा (१६) बमोजिम स्तरोन्नति गरिएको उद्यमिलाई कार्यक्रम कार्यान्वयन निकायले कार्यक्रम बजेटको परिधि भित्र रहि तथा दफा (७)(घ) बमोजिमको क्रियाकलाप संचालनका लागि अनुदान प्रदान गर्नेछ ।

(१८) उपदफा (१७) र (१५) बमोजिम अनुदान प्रदान गरिने अलग अलग शिर्षकमा कार्यक्रम कार्यान्वयन निकायलले सहभागिको आवश्यकता अनुसार शतप्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्नेछ तर प्रदान गरिने अनुदान रकम कुल व्यवयायिक योजनाको ५० प्रतिशत भन्दा बढि हुनेछैन ।

१०. **<u>कार्यक्रम सञ्चालनका लागि खर्चका आधार, मापदण्ड तथा अनुदान</u>**ः कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम संचालन गर्दा देहायका आधार अनुसार खर्च गरीनेछ :–

(क) स्विकृत कार्यक्रम तथा बजेट रकमको बढीमा १० प्रतिशत रकम कार्यक्रम संचालन गर्ने निकाय ले आफ्नो परिसर भित्र वा मन्त्रालय मातहतका प्रयोगशाला तथा फार्म केन्द्रहरुमा उस्मायन स्थल स्थापना तथा सन्चालनका लागि भौतिक संरचना निर्माण, प्रदर्शन संचालन तथा व्यवस्थापनमा खर्च गर्न सक्नेछ । यसरी खर्च गर्दा कार्य योजना तथा लागत तयार गरी कार्यक्रम निर्देशक समितीबाट स्विकृत गराउनु पर्नेछ ।

(ख) अभिमुखिकरण तालिमका सहभागीहरुलाई तालिम स्थलमा आउदा जादाको यातायात खर्चका साथै तालिम स्थलमा आउदा जादाको दिन र तालिम अवधिभर खाना तथा खाजा खर्च उपलब्ध गराईनेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

(ग) क्षमता अभिबृद्धिका लागि तोकिएको उस्मायन स्थलमा सहभागिलाई पठाउँदा उस्मायन स्थललाई सहभागीको खाना, खाजा, बस्ने व्यवस्था तथा सहजिकरणका लागि प्रतिदिन प्रति सहभागी रु एक हजारका दरले रकम उपलब्ध गराईनेछ ।

(घ) कार्यक्रम संचालन गर्ने निकायले सहभागीहरुको सिकाई स्थल र कार्यक्षेत्रमा कार्य प्रगतीको अनुगमन तथा विविध कार्य गर्न विनियोजित बजेटको ५ प्रतिशत रकम खर्च गर्न सक्नेछ ।

(ङ) यस कार्यविधि बमोजिम चरणबद्ध रुपमा स्तरोन्नति भएको आवेदकलाई व्यवसायिक योजना अनुसार पुर्वाधार विकासका लागि उद्यम प्रवर्धन तहमा अधिकतम रु ५ लाख र नमुना उद्यमि तहमा रु १० लाख अनुदान प्रदान गरिनेछ ।

(च) दफा (१०)(ङ) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रम कार्यान्वयन निकायले निर्देशक समितिको सहमति लिएर व्यवसायिक योजनाको ५० प्रतिशत सम्म अनुदान प्रदान गर्न सक्नेछ ।

(छ) यस कार्यविधि बमोजिम गरिने जुनसुकै खरिद वा निर्माण कार्य प्रचलित नियम कानुन बमोजिम गरिनेछ ।

परिच्छेद-३

<u>कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>

११. <u>कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः</u>(१) यस कार्यविधि अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन गर्ने मूख्य जिम्मेवारी सम्बन्धित कार्यक्रम संचालन गर्ने निकाय वा केन्द्र तथा समितिको हुनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन कार्यक्रम संचालन गर्ने निकाय ले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विशेषज्ञ सहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार, कृषि तथा पशुपंछी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

(५) उपदफा (४) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त निर्देशनलाई कार्यक्रम संचालन गर्ने निकाय वा केन्द्रले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम मन्त्रालयले कारवाही गर्न वा कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(९) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

१२. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u>:(१) यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिने रकमको सम्झौता अनुसारको कार्यसम्पन्न भई उस्मायन स्थल ले प्रदान गरेको सेवाका हकमा भुक्तानि माग गरेको निवेदन र कार्य प्रगती झल्किने कागजातका आधारमा तथा सम्झौतामा तोकिए अनुसार भुक्तानी गरीनेछ ।

(२) व्यवसाय संचालनका लागि सहभागीलाई उपलब्ध गराईने अनुदान रकम सम्झौतामा तोकिएका सुचकहरु र तिनको कार्यप्रगति र कार्यसम्पन्न प्रतिवेदनका आधारमा प्रचलित कानून बमोजिम सहभागीको बैंक खाता मार्फत भुक्तानी गरीनेछ ।

परिच्छेद-४

<u>विविध</u>

१३. <u>सामुहिक रुपमा तालिम तथा अनुदान कार्यक्रम संचालन गर्न सकिने</u>:(१) यस प्रदेश भित्र कुनै एकै ठाँउमा विशिष्ट प्रकारको सिप तथा दक्षता विकास गरि सामुहिक रुपमा कम्तिमा दश जना कृषकहरुलाई नमुना उद्यमिको रुपमा विकास गर्न यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन निकायले आफैं क्षमता अभिबृद्धि तालिम तथा अनुदान कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन गरिने कार्यक्रममा सके सम्म एकै वडा वा बढीमा एउटा स्थानिय तह भित्रका सहभागिहरु मात्र कार्यक्रम कार्यान्वयन निकायले छनौट गर्नेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

(३) कार्यक्रम कार्यान्वयन निकायले उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्दा मन्त्रालयको नीति तथा कार्यक्रम मा विशेष प्राथमिकता पाएका कार्यक्रमहरु जस्तै मुख्यमन्त्रि एकिकृत कृषि तथा पशुपंक्षि विकास कार्यक्रम अन्तर्गतको नमुना गाँउ, प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजनाका ब्लक विकास कार्यक्रम, चक्लाबन्दि कृषि लगायतका कार्यक्रम संचालन गरिने गाँउमा सम्बन्धित केन्द्रको समन्वयमा समेत संचालन गर्न सक्नेछ ।

(४) कार्यक्रम कार्यान्वयन निकायले उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्दा स्विकृत बजेटको परिधि भित्र रहि तालिमका हकमा प्रचलित नर्मस तथा निर्देशिका बमोजिम तथा अनुदानका हकमा प्रति कृषक रु पच्चिस हजारमा नबढ्ने गरि बजेट खर्च गर्नेछ ।

१४. **कार्यक्रम संचालनमा समन्वय र सहकार्य:** (१) यस कार्यविधि अनुरुप आवश्यक बजेटको व्यवस्थापन गरि समन्वय र सहकार्यमा कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन गर्न चाहने अन्य सरकारी तथा गैर सरकारी निकाय सँग कार्यक्रम कार्यान्वयन निकायले द्विपक्षिय वा बहुपक्षिय सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछ ।

१५. **प्रगति प्रतिवेदन:**(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरणसहितको चौमासिक तथा वार्षिक प्रतिवेदन कार्य सम्पादन गर्ने निकाय ले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

१६. **सहभागीको अभिलेख:** कार्यक्रम कार्यान्वयन गर्ने निकायले यस कार्यविधि बमोजिमका सहभागीको अनुसुची-९ बमोजिमको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१७. कृषि तथा पशुपन्छी बिमा: यस कार्यविधि अनुसार छनौट भई व्यवसाय संचालनका लागि अनुदान प्राप्त गर्ने सहभागीहरुलाई कृषि तथा पशुपन्छी बिमा कार्यक्रम सँग जोडिनेछ ।

१८. **लेखा तथा लेखापरीक्षण:** कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१९. **निर्देशन दिन सक्ने:**(१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालय तथा निर्देशक समितिले कार्यक्रम संचालन गर्ने निकाय वा केन्द्रलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

२०. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. **<u>बाधा अड्काउ फुकाउने र संशोधन:</u>** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

अनुसूची-१

(दफा ८ उपदफा (१) सँग सम्बन्धित)

<u>कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रमका लागि उस्मायन स्थलको सुचिमा सहभागी हुने बारे सूचना</u>

यस.....(कार्यालय) को कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम संचालन गर्न उस्मायन स्थलहरुको सूचि तैयार गर्नुपर्ने भएकाले उल्लेखित मापदण्ड पुगेका ईच्छुक कृषि उद्यमि तथा संस्थाहरुले यो सूचना प्रकाशन भएको मिति देखि बर्षैभरि निरन्तर रुपमा ..... मा आवेदन पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरीएको छ ।

उस्मायन स्थलको रुपमा सुचिकृत हुन आवश्यक मापदण्डहरुः

१. आवेदकले विगत ३ बर्ष देखि नमुना कृषि उद्यम संचालन गरेको हुनु पर्नेछ ।
२. आवेदकको बार्षिक कृषिजन्य कारोबार रु एक करोड भन्दा माथि भएको हुनुपर्नेछ ।
३. आवेदकले कम्तिमा ५ जनालाई प्रत्यक्ष रुपमा रोजगारि प्रदान गरेको हुनुपर्नेछ ।
४. आवेदकले यस कार्यविधि बमोजिम छनौट भएका सहभागिहरुलाई कार्यविधिमा तोकिए बमोजिमको सुविधामा क्षमता अभिबृद्धिका लागि सहजिकरण गर्ने प्रतिबद्धता गर्नुपर्नेछ ।

नोटः उस्मायन स्थलका लागि सूचिकृत हुन कार्यालयको ईमेलमा समेत आवेदन पठाउन सकिनेछ । सरकारी फार्म, केन्द्र, प्रयोगशालाको हकमा उपरोक्तानुसाका मापदण्ड आवश्यक पर्ने छैन ।

मा.मन्त्री

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

अनुसूची-२

(दफा ९ उपदफा (१) सँग सम्बन्धित)

कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रममा **सहभागी हुने बारे**

सूचना

यस.....(कार्यालय) को यस आ.ब..... को स्विकृत कार्यक्रम अनुसार कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रममा सहभागी भई कृषि उद्यमशिलता विकास र सम्बन्धित विषयमा स्थलगतरुपमा प्राविधिक ज्ञान तथा सीप आर्जन गरी कृषि उध्यमी बन्न चाहने ब्यक्तीबाट यो सूचना प्रकाशन भएको मिति देखि बर्षैभरि निरन्तर रुपमा आफ्नो नजिकको ..... केन्द्रमा आवेदन पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरीएको छ ।

तपशिल

१. आवेदकको उमेर २० वर्ष पुरा भई ६० बर्ष ननाघेको नेपालि नागरिक हुनु पर्नेछ ।
२. आवेदक सँग प्रस्तावित उद्यम संचालनका लागि आधारभुत पुर्वाधार हुनुपर्नेछ (जस्तै: सडक, विद्युत, सिंचाई आदि)
३. आवेदकहरुलाई कार्यक्रम सम्बन्धि स्थलगत रुपमा अभिमुखिकरण तालिम दिईनेछ ।
४. स्थलगत रुपमा अभिमुखिकरण प्राप्त गरि प्रमाणपत्र प्राप्त गरेका सहभागिहरुले आवश्यक मापदण्ड पुरा गरे पश्चात क्षमता विकास कार्यक्रममा सहभागि गराईनेछ ।
५. अभिमुखिकरण तथा क्षमता अभिबृद्धि तालिममा सहभागि हुँदा सहभागिहरुलाई खाना र बस्नको व्यवस्था गरीनेछ । अन्य कुनै खर्च दिइने छैन ।
६. आवेदकहरुलाई कार्यविधिले तोके बमोजिमको मापदण्ड अनुसार चरणबद्ध रुपमा स्तरोन्नति गरि ब्यवसाय संचालनका लागि अनुदान उपलब्ध समेत गराईनेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

अनुसूची-३

(दफा ९ उपदफा (४) सँग सम्बन्धित)

अभिमुखिकरण तालिममा सहभागिताको प्रमाणपत्र

मिति:

विषय: प्रमाणपत्र प्रदान गरिएको बारे।

श्री.....,

.....

यस कार्यालयको आयोजनामा मिति..... मा..... स्थानमा कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रमको अभिमुखिकरण तालिममा सफलतापुर्वक सहभागि हुनु भएकाले तपाईलाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रममा सहभागि भई क्षमता अभिबृद्दि तहमा स्तरोन्नति हुन यो प्रमाणपत्र प्राप्त गरेको ४५ दिन भित्र निम्न मापदण्ड तथा कागजात सहित यस कार्यालयमा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

<u>क्षमता अभिबृद्दि तहमा स्तरोन्नति हुन आवश्यक कागजात तथा मापदण्डहरु</u>

१. प्रस्तावित उद्यम संचालनका लागि आधारभुत पुर्वाधार भएको प्रमाण (जस्तै: जमिन, सडक, विद्युत, सिंचाई आदि)
२. अनुसुचि-४ बमोजिमको पुर्ण रुपले भरिएको विवरण फाराम
३. आवेदक सँग व्यवसाय संचालनका लागि आवश्यक न्युनतम स्वलगानिको प्रमाण
४. नागरिकता प्रमाणपत्र र लालपुर्जाको प्रतिलिपि
५. फर्म तथा संस्थाको हकमा दर्ता र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. सम्बन्धित विषयमा तालिम तथा अनुभव भएमा सोको प्रमाणपत्र वा स्वघोषणा

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

अनुसूची-४

(दफा ९ उपदफा (४) सँग सम्बन्धित)

प्रस्तावको ढाँचा

.....कार्यक्रमको प्रस्ताव पत्र

क. कार्यक्रमको सामान्य परिचय	
आवेदकको नाम	
ठेगाना	
सम्पर्क व्यक्तिको नाम	
टेलिफोन नम्बर	
आवेदकको परिचय, अनुभव तथा हाल सञ्चालन गरिरहेका क्रियाकलापहरु	
अब सञ्चालन गरिने क्रियाकलापहरु	
कार्यक्रमको अनुमानित लागत रु	
अनुदान माग गरेको रकम रु.	
कार्यक्रम सञ्चालन गरिने स्थल	जिल्ला गा.पा/न.पा स्थान

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक व्यवस्था, खेल तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

ख. कार्यक्रमबाट हुने लाभान्वितहरुको विवरण

लाभान्वितको किसिम	संख्या						
	कुल	पुरुष	महिला	दलित	जनजाति	भूमिहीन	अन्य
कृषक							
व्यापारी							

ग. कार्यक्रम सञ्चालन पश्चात प्राप्त हुने प्रतिफलहरु

१.
२.
३.
४.

घ. लागत साझेदारी

सिनं	क्रियाकलापको नाम	ईकाइ	परिमाण	जम्मा लागत	आफ्नो लगानी	अनुदान

घ. अनुमानित उत्पादन तथा बिक्रि आम्दानी

सि.नं	उत्पादनको नाम	ईकाइ	परिणाम	दर	जम्मा उत्पादनको बजार मुल्य

ङ. कार्यक्रमको दिगोपना तथा निरन्तरता

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

अनुसूची-५

(दफा ९ उपदफा (५) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधारहरु

क्र.सं.	आधार	अङ्क भार	कारण
१.	**व्यवसाय सञ्चालनका प्राविधिक उपयुक्तता**	**३५**	
१.१	उत्तम	३०.०-३५.०	
१.२	राम्रो	२५.०-२९.९	
१.३	सामान्य	१०-२४.९	
२.	भौतिक पूर्वाधार	**१५**	
२.१	सडकको पहुँच	बढीमा ५	
२.२	बिजुलीको पहुँच	बढीमा ५	
२.३	सिंचाईको सुविधा	बढीमा ५	
३	**युवा तथा बैदेशिक रोजगार बाट फर्किएको व्यक्ति**	**२५**	
३.१	युवा (२० देखि ५० बर्ष उमेरको संचालक)	बढिमा ५	
३.२	भारतबाट फर्किएका व्यक्ति	बढिमा ५	
३.३	तेस्रो मुलुक बाट फर्किएको व्यक्ति	बढिमा ५	
३.४	अन्य	बढिमा ८	
३.	सामाजिक समाबेशीकरण	**१५**	
३.१	दलित, मुक्त कमैया, मुक्त हलिया, एकल महिला, अपांग, लोपोन्मुख तथा सुचिकृत जातजाति	१५	
३.२	अन्य	५	
४.	अनुभव	**१०**	
४.१	सम्बन्धित विषयको तालिम लिएको	बढिमा ५	
४.२	सम्बन्धित उद्यमको अनुभव भएको	बढिमा ५	
	जम्मा:(१+२+३+४)	**१००**	

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

अनुसूची-६

(दफा ९ उपदफा (९) सँग सम्बन्धित)

कार्यक्रम संचालन गर्ने निकाय र उस्मायन स्थल बीच गरीएको सम्झौता

लिखितम..... कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र ..... उस्मायन स्थल (यसपछि दोस्रो पक्ष भनिने) बीच स्थलगतरुपमा .....विषयको व्यवसाय सँचालनका लागि व्यवहारीक तालिम संचालन गर्न .....जना सहभागीहरुलाई .....दिनसम्म ब्यवहारीक तालिम मार्फत सीप प्रदान गर्न तपशिलका शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरी दुबै पक्ष ले एक एक प्रति लियौ दियौ ।

शर्तहरु

१. प्रथम पक्षले मिति .....देखि .....सम्मका लागि तपशिल बमोजिमका सहभागीहरुलाई व्यवहारीक तालिमका लागि दोस्रो पक्षको .....फार्म /प्रयोगशाला/ केन्द्र मा पठाउनेछ ।

क्र सं	सहभागीको नाम थर	ठेगाना
१		
२		

२. दोस्रो पक्षले प्रथम पक्षलाई पठाएका सहभागीहरुलाई दैनिक ८ घण्टा काम लगाई व्यवसाय संचालनका लागि आवश्यक ज्ञान सीप प्रदान गर्नु पर्नेछ ।

३. पहिलो पक्षले पठाएका सहभागीहरुलाई दोस्रो पक्षले तालिम अवधिभरी दैनिक हाजीरी गराएर काम गराउनु पर्नेछ । कुनै किसिमको बिदा दिइने छैन । यदि बिशेष परिस्थीतीका कारणले सहभागीले बिदा लिनु परेमा बिदा लिएको अवधि जति दिन हुन्छ त्यत्तीनै दिन थपेर व्यवहारीक तालिम दिनु दोस्रो पक्षको कर्तब्य हुनेछ ।

४. पहिलो पक्षले दोस्रो पक्षको कामको अनुगमन मूल्याँकन गर्नेछ ।

५. पहिलो पक्षले दोस्रो पक्षलाई व्यवहारीक तालिम अवधिभर प्रति सहभागी प्रतिदिन रु १०००।०० (अक्षेरुपी एक हजार मात्र) का दरले रकम दोस्रो पक्षको बैक खातामा जम्मा गर्नेछ ।प्रथम पक्षले उपलब्ध गराएको रकमले दोस्रो पक्षले प्रथम पक्षले पठाएका सहभागीहरुको प्रशिक्षणका साथै खाना, नास्ता र बस्ने व्यवस्था गर्नु पर्नेछ ।

६. यदि सम्झौता बमोजिम काम नगरी दोस्रो पक्षले झुठा विवरण पेश गरेमा प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी गर्नेछैन ।

७. यस सम्झौतामा उल्लेख भएका बुँदाहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु प्रचिलत कानून बमोजिम हुनेछ ।

मा.मन्त्री

पथम पक्षको तर्फबाट

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

दोस्रो पक्षको तर्फबाट

डा.किसन लाल भट्ट
सचिव

अनुसूची-७

(दफा ९ उपदफा (११) सँग सम्बन्धित)

क्षमता अभिबृद्धि तालिममा सहभागिताको प्रमाणपत्र

मिति:

विषय: प्रमाणपत्र प्रदान गरिएको बारे।

श्री.....,

.....

.....कार्यालयको मिति.....च.नं..... को पत्रानुसार पठाईएका.....ठेगाना भएका तपाँई श्री ..... ले यस फर्ममा मिति..... देखि..... सम्म जम्मा ..... दिन निरन्तर रुपमा कार्यरत रहि..... सम्बन्धि व्यवहारिक ज्ञान/सिप लिई सो विषयमा उत्कृष्ट/मध्यम/सामान्य क्षमता अभिबृद्धि गर्नु भएकाले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

नमुना कृषि उद्यमि बन्ने यहाँको यात्राको उत्तरोत्तर प्रगतिको कामना सहित ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

अनुसूची-८

(दफा ९ उपदफा (१४) सँग सम्बन्धित)

लागत साझेदारी तथा सम्झौता पत्रको ढाँचा

.....र..... बीच..... योजना

सञ्चालनका लागि भएको सम्झौता पत्र

.....(यस पछि यस लिखतमा प्रथम पक्ष भनिने) र..... (यस पछि यस लिखतमा दोस्रो पक्ष भनिने) बीच आ.व. ..... को कृषि उस्मायन पद्धति मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत उद्यम प्रवर्धन तहमा कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने प्रयोजनका लागि तपसिलका शर्तनामाहरु तथा लागत साझेदारीको अधिनमा रहने गरी द्विपक्षीय सम्झौता गरिएको छ ।

शर्तनामाहरुः

१. प्रथम पक्षले यस सम्झौता बमोजिमको कार्यक्रम सञ्चालनका लागि जम्मा अनुदान रकम रु..... (अक्षेरुपी रु. ..... मात्र) प्रदान गर्नेछ ।

२. कार्यक्रमको लागत साझेदारी तथा इष्टिमेट

क्र.सं.	विवरण	इकाई	परिमाण	दर	जम्मा रकम रु	कार्यालयको अनुदान रु.	आवेदकको स्वलगानी रु.
१							
२							
३							
४							
जम्मा रु							

३. दोस्रो पक्षले सञ्चालन गर्ने सम्पूर्ण क्रियाकलाप प्रथम पक्षको प्राविधिक रेखदेख र निर्देशन बमोजिम गर्नुपर्नेछ ।

४. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा कार्यक्रम सम्बन्धि पूर्ण जानकारी झल्किने बोर्ड राख्नु पर्नेछ ।

५. प्रथम पक्षले जुनसुकै बेलामा पनि कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । सो क्रममा प्रथम पक्षले माग गरेको जानकारी दोस्रो पक्षले अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

६. यस सम्झौतामा उल्लेख भएको अनुदान रकम भुक्तानिका लागि प्रथम पक्षले भौतिक प्रगतिका साथ साथै निर्माण/खरिद गरिएको पुर्वाधार/बस्तुको उपयोगिताको सुनिश्चितताको आधारमा गरिनेछ ।

७. यस सम्झौता बमोजिम दोस्रो पक्षले पेश गरेका कागजात तथा प्रगतिका निम्न सुचकलाई ध्यानमा राख्दै प्रथम पक्षले स्थलगत निरीक्षण गरी तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा चरणबद्ध रुपमा दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी दिनेछ ।

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

क्र.सं.	प्रगतिको सुचक	हासिल गर्नुपर्ने उपलब्धि	भुक्तानि गरिने अनुदान रु.	कैफियत
१				
२				

८. दोस्रो पक्षले अनिवार्य रुपमा कार्यक्रमको सार्वजनिक जानकारी गराउनेछ ।

९. यस सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षका लागि समानरुपले मान्य तथा बन्धनकारी हुनेछन् । कुनै एक पक्षले सम्झौताको शर्तहरुको पालना नगरेमा अर्को पक्ष एकतर्फी रुपमा सम्झौता भङ्ग गर्न स्वतन्त्र हुनेछ ।

१०. यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानून बमोजिम हुनेछ ।

प्रथम पक्ष को तर्फबाट

नामः

पदः

मितिः

कार्यालयको छापः

दोश्रो पक्षको तर्फबाट

नामः

पदः

मितिः

छापः

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

डा.किसन लाल भट्ट
सचिव

अनुसुची-९

(दफा १६ सँग सम्बन्धित)

सहभागिको अभिलेखको ढाँचा

आ.व.:

क्र.सं.	सहभागिको नाम	ठेगाना	फोन नं	लाभको प्रकार	
				तालिम लिएको भए तालिमको किसिम	अनुदान रकम रु.

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली